# २ कानदेखि पाठसम्म

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्</u>*: हितोपदेश ४: १ राजा ३:९, मत्ती १३:४४, हितोपदेश ५, १ कोरन्थी १०:१३, हितोपदेश ६:१-९।

*<u>स्मरण गर्नुपर्ने पद</u>*: "तिम्रो पाइलाले हिँड्ने बाटोलाई सम्म बनाऊ। पक्का र स्थिर मार्गमा मात्र हिँड। दायाँ बायाँ नफर्क। तिम्रो पाइलाहरूलाई दुष्ट बाटोमा नहिँडाऊ।" (हितोपदेश ४:२६,२७ रूपान्तरित)।

हामी कसरी जिउँछौं वा हामीहरूको जीवनशैली कस्तो हुनुपर्छ सो जान्न अति आवश्यक छ। सही जीवन जिउन बुद्धि नै अति उत्तम छ भनेर हितोपदेश ४:७ले बताउँछ।

पाठ वा अर्ती जतिसुकै असल भएतापनि सिक्ने व्यक्तिले ध्यान दिएन भने त्यसको अर्थ हुँदैन। बाइबलको समयमा एक जना इजिप्टको शिक्षकले भनेको थियो "केटाको कान उसको पिठ्युँमा हुन्छ। जब उसले पिटाइ खान्छ अनिमात्र उसले सुन्छ।" (इजिप्टको चित्रकलाहरूमा प्रायजसो बिद्यार्थीहरूको पछाडि वा पिठ्युँमा कान कोरेको हुन्छ)।

के ठीक वा के बेठीक छ भनेर थाहा पाउनुमात्र पुग्दैन। कुन् ठीक र कुन् बेठीक छ सो आत्मनिर्णय गर्न पनि हामीलाई आवश्यक छ। अर्ती तथा बुद्धिमा तालिम लिनु भनेको सही पाठ वा शिक्षामा ध्यान दिन सक्षम् हुनु हो। सुन्नेमात्र होइन सुनेको र सिकेको अनुसार चल्न पनि हामी राजी हुनुपर्छ। नत्र भने हामी गलत दिशातर्फ गइरहन सक्छौं।

## १. सुन् (हितोपदेश ४)

हामीलाई चाहिने अत्यन्त उपयोगी आत्मज्ञान वा सत्य हितोपदेश ४मा कोरेको छ। परमेश्वरप्रति बफादार हुने हाम्रो प्रयासमा त्यसमा उल्लेखित ज्ञानलाई हामी कसरी प्रयोग गर्न सक्छौं सो सोच्नुहोस्। हेर्नुहोस् हितोपदेश ४ “हे मेरा छोराहरू हो, आफ्नो बाबुको अर्ती सुन,

यसमा ध्यान देओ र समझशक्ति प्राप्त गर। २ किनकि म तिमीहरूलाई उत्तम शिक्षा दिन्छु, यसैकारण मेरो अर्तीलाई नत्याग। ३ जब म आफ्ना बाबुको घरमा एक ठिटो थिएँ, कलिलै अवस्थाको, र मेरी आमाको एकमात्र छोरो, ४ उहाँले मलाई शिक्षा दिनुभयो र भन्नुभयो, "तिम्रो पूरा हृदयले मेरो वचन पक्रिराख्, मेरा आज्ञाहरू पालन गर् र तिमी जिउनेछौ। ५ बुद्धि प्राप्त गर्, समझशक्ति प्राप्त गर्, मेरा वचनहरू नबिर्सी र तिनीहरूबाट तर्किएर नजाऊ। ६ बुद्धिलाई नत्याग्, र त्यसले तिमीलाई सुरक्षित राख्नेछ। त्यसलाई प्रेम गर्, र त्यसले तिमीमाथि हेरचाह गर्नेछ। ७ बुद्धि अति श्रेष्ठ हो, त्यसैले बुद्धि प्राप्त गर्। तिमीसँग भएका सबै कुराले मूल्य चुकाउनुपरे तापनि, समझशक्ति प्राप्त गर्। ८ त्यसलाई कदर गर्, र त्यसले तिमीलाई उच्च पार्नेछ। त्यसलाई अँगाल्, र त्यसले तिमीलाई आदर दिनेछ। ९ त्यसले तिम्रो शिरमा अनुग्रहको माला पहिराइदिनेछ र महिमाको शिरपेच प्रदान गर्नेछ।" १० सुन्, हे मेरो छोरो, मैले भनेका कुरा ग्रहण गर्, र तिम्रो जीवन दीर्घायु हुनेछ। ११ म तिमीलाई बुद्धिको बाटो सिकाउँछु र सोझो बाटोमा डोऱ्याउँछु। १२ तिमी हिँड्दा, तिम्रा पाइलाहरू अड्किनेछैनन्, तिमी दगुर्दा लरबरिनेछैन। १३ अर्तीलाई समातिराख्, त्यसलाई उम्कन नदेऊ,त्यसलाई राम्ररी पालन गर्, किनभने त्यो तिम्रो जीवन हो। १४ दुष्टको मार्गमा खुट्टा नहाल् अथवा दुष्ट मानिसको चालमा नहिँड्। १५ त्यसलाई त्यागिदेऊ, त्यसमाथि तिम्रो पाइला नराख्, त्यसबाट तर्केर आफ्नै बाटो लाग्। १६ किनभने दुष्टहरू खराब काम नगरुञ्जेल सुत्न सक्दैनन्, कसैको पतन नगरुञ्जेल तिनीहरूलाई निद्रै लाग्दैन। १७ दुष्टता तिनीहरूको खानेकुरा र उपद्रव तिनीहरूको पिउने पदार्थ हो। १८ धर्मीको चाल प्रभातको प्रथम चमकजस्तै हो, त्यो मध्यदिन नहोउञ्जेल झन्-झन् चहकिलो हुँदैजान्छ। १९ तर दुष्टको चालचाहिँ घोर अन्धकारजस्तो हो, केले आफ्नो पतन हुँदैछ सो तिनीहरू जान्दैनन्। २० हे मेरो छोरो, मेरो कुरामा ध्यान देऊ, मेरा वचनहरू राम्ररी सुन्। २१ ती तिम्रो नजरबाट उम्केर जान नदेऊ, ती तिम्रो हृदयभित्र राखिछोड्। २२ किनभने मेरो वचन पाउनेको निम्ति त्यो जीवन हो, र त्यसको सारा शरीरको निम्ति

स्वास्थ्य हो। २३ सबै कुराभन्दा बढ़ी, आफ्नो हृदयलाई सुरक्षित राख्, किनभने त्यो सारा जीवनको मूल हो। २४ कुवाक्य तिम्रो मुखबाट परै रहोस्, भ्रष्ट कुराकानी तिम्रो ओठदेखि टाढ़ै रहोस्। २५ तिम्रो आँखाले तिम्रो अगि सीधा हेरोस्, तिम्रो अगिल्तिर सोझै एक टक लाएर हेर्। २६ तिम्रो पाइला चाल्नलाई नैतिकताको मार्ग तयार गर्। र ती मार्गहरू मात्रै रोज् जुन निश्चित छन्। २७ दाहिने देब्रेतिर नलाग्, सबै दुष्ट कुराबाट आफ्ना खुट्टा अलग राख्।"

असल शिक्षा वा अर्ती कसैले सिक्न चाहन्छ भने प्रथम् कदम नै "ध्यान दिएर सुन्ने" सामर्थ्य हुनुपर्छ। हिब्रू वा यहूदीहरूको दर्शनमा बुद्धिको मूल थलो दिमाग होइन तर कान हो भनेर सिकाउँदछ। त्यसको अर्थ हामीले कुनै कुरो सोच्नुभन्दा अगाडि वा समस्यालाई सुल्झाउन अगाडि पहिला सुन्नुपर्छ। त्यसको अर्थ अर्तीबुद्धितर्फ ध्यान दिनु आवश्यक ठान्नुपर्छ। जब परमेश्वरसँग ज्ञानबुद्धि राजा सोलोमनले मागे, उनले "सुन्ने हृदयको" बरदान मागे (१ राजा ३:९ रूपान्तरित)।

बुद्धि प्राप्त गर्न चाहन्छौं भने पहिले हामीले कान थाप्नु जरूरी छ। त्यसको अर्थ मानिस जन्मिन्दै होइन तर बाहिरबाट बुद्धि र ज्ञान आउँछ। त्यो बुद्धिको पहिलो माध्यम हो आफ्ना आमाबाबु। बिना अरूको प्रभावमा हामी आफूले आफैमा बुद्धि वा विवेक पाउन सक्दैनौं। बाइबलमा देखाएको बौद्धिक ज्ञान अनुसार कोही पनि आत्म-निर्भर भएर हुर्कन्दैन। त्यो सम्भव छैन। (जन्मिने बित्तिक्कै उसलाई आमाबाबु चाहिन्छ)। आमाबाबुको काखबाट पहिला हामीले बुद्धि सिक्छौं, त्यो हामीहरूकै व्यक्तिगत अथक प्रयास वा दिमागले स्वःत उमार्ने कुरा होइन। ध्यान दिने क्षमता वा मन लगाउने क्षमताले ज्ञानबुद्धिप्राप्त गर्न हामीहरूको हृदय कतिको समावेश हुने रहेछ भनेर देखाउँछ। बुद्धिको खोज केवल चिसो वा मन्द वा भावरहित सोचले आउँदैन। बरू मानिसको केन्द्रविन्दु हृदय हो। हिब्रू दर्शनमा हृदयलाई भावनाहरूको केन्द्रविन्दु भनिएर सम्बोधन गर्दा बुद्धिको खोजमा त्यसले कस्तो उल्लेखनीय भूमिका खेल्दोरहेछ भनेर देखाउँछ।

बुद्धि र ज्ञानको भोको हुनुपर्छ भनेर हितोपदेश ४मा उल्लेख गरेकोलाई मध्यनजरमा राखेर मत्ती १३:४४ र यर्मिया २९:१२,१३मा आत्मज्ञान वा बुद्धि प्राप्त गर्ने चाहना गर्नु भनेको के हो भनेर ती पदहरूले कसरी बताउँछन्? मत्ती १३:४४ "स्वर्गको राज्य कुनै एउटा खेतमा गाडी राखिएको गाड़धनजस्तो हो, जो एक जना मानिसले भेट्टाएर लुकाइराख्दछ, र आनन्दित भएर ऊ जान्छ र आफूसित भएका सबै बेच्छ, र त्यो खेत किन्छ।" र यर्मिया २९:१२,१३ "जब तिमीहरू मकहाँ आउनेछौ, र मलाई प्रार्थना गर्नेछौ, र तब म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु।१३ जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ।"

मानव जाति भएकोले हामीहरूको भावना वा मुद्राले हामीहरूको आधारभूत जीवनमा उल्लेखनीय भूमिका खेल्दछ। ती भावनाहरू परमेश्वरसँग कसरी गाँसिनुपर्छ भन्ने ज्ञानलाई पन्छाउनुहुँदैन न त बिर्सनु नै हुन्छ। हामीहरूको अध्यात्मिक जीवनमा हामीहरूको भावना, जोश जाँगर आदिलाई कसरी ठेगानामा राखेर चल्ने? तपाईंको जीवनमा जे ठीक छ त्यो गर्नुपर्छ भनेर थाहा पाउँदा पाउँदै पनि त्यसलाई तपाईंको भावनाले कसरी नियन्त्रण गर्न दिनुभएको छ? ती अनुभवहरूबाट तपाईंले के सिक्नुभयो?

## २. आफ्नो परिवारको सुरक्षा गर (हितोपदेश ५)

ज्ञानबुद्धि अनुसार चल्छु भनेर यकिन गरेतापनि हामी बढो होशियारसाथ हिंड्नुपर्छ किनकि यस संसारमा हिंड्दा पाइला पाइलामा समस्याहरू आइरहेका हुन्छन् (१ पत्रुस ५:८)। परिवारको मामिलामा लिएर खडा हुने समस्या तथा खतरा कतिपयको निम्ति सगरमाथा जस्तो अल्गो समस्या हुन सक्छ। पारिवारिक मामिला अत्यन्त संवेदनशील हुन्छ। परिवार हामीहरूको हृदयको मायाको गाँठोमा बुनिरहेको हुन्छ। जीवनलाई अर्थमूलक वा लक्ष्यमूलक बनाउन परिवारसँगको घनिष्ठ सम्बन्ध अत्यन्त उल्लेखनीय हुन्छ।

मानिस भएपछि धेरै खतरा तथा अवरोधहरू हामीहरूको सामु खडा हुन्छ र तिनीहरूदेखि हामी अत्यन्त सतर्क हुनुपर्छ? हामीहरूको जीवनलाई तहसनहस पार्ने केही खतराहरू हेर्नुहोस् हितोपदेश ५मा " १ ए मेरो छोरो, बुद्धि र अन्तर्दृष्टिका कुरामा ध्यान देऊ अनि मेरा कुरामा कान थाप्। २ त्यसो भए, कसरी उचित चालमा चल्नुपर्छ, सो तिमीले जान्नेछौ र तिम्रा वचनहरू ज्ञानपूर्ण हुनेछन्। ३ अर्काकी श्रीमतीको ओठ महजस्तो मीठा र त्यसको बोली जैतुनको तेलझैं चिप्ला होलान्, ४ तर अन्तमा त्यो पित्तजस्तै तीतो र दुईधारे तरवारजस्तै हुन्छ। ५ त्यसले तिमीलाई ओह्रालो मृत्यु-लोकमा पुऱ्याउँछे, त्यसका पाउहरू मृत्युको बाटोतिर लागेका हुन्छन्। ६ तिनी जीवनको बाटोमा हिँड्दिन तर त्यो त्यागेर कुबाटो हिँड्छे र आफूलाई के हुँदै छ, त्यसले चाल पाउँदिन। ७ ए मेरा छोराहरू हो! अब मेरा कुरा सुन र ती कहिल्यै नछोड। ८ त्यस्ती महिलाहरूबाट टाढा बस! त्यसको घरको ढोकाको नजिक पनि नजाओ! ९ नत्र त तिमीहरूले आफ्नो इज्जत अर्काका हातमा र आफ्नो प्राण जवान छँदै निष्ठुर मानिसहरूका हातमा गुमाउनेछौ। १० अँ, विदेशीहरूले तिमीहरूका धन-सम्पत्ति लिनेछन् र तिम्रा मिहिनेतको फल अरूलाई हुनेछ। ११ अनि मर्ने बेलामा तिमीले पीडाले छटपटिएर सोर निकाल्नेछौ र हाड र छाला मात्र हुनेछौ। १२ अनि तिमीले भन्नेछौ, "हाय! मैले किन समयमा शिक्षा लिइनँ? किन कसैबाट सुधारको कुरा ग्रहण गरिनँ? १३ मेरा शिक्षकहरूका कुरा सुनिनँ। तिनीहरूका कुरामा ध्यानै दिइनँ १४ र अचानक सारा समाजअघि मेरो बेइज्जत भएको थाहा पाएँ।" १५ आफ्नी श्रीमतीप्रति विश्वासयोग्य भइरह र उसलाई मात्र प्रेम गर। १६ अरू महिलाहरूबाट जन्मेका तिम्रा सन्तानहरूले केही लाभ दिँदैनन्। १७ तिम्रो आफ्नै सन्तानहरू ठूला भएर तिमीलाई सहायता गर्नुपर्छ, अरूहरूलाई होइन। १८-१९ यसकारण आफ्नी श्रीमतीसँग प्रसन्न भइबस र आफूले विवाह गरेकी हरिणीझैं सुन्दरी र शोभावती स्त्रीसित आनन्दित हो। त्यसको शोभाले तिमीलाई खुसी राखोस् र त्यसले आफ्नो प्रेममा तिमीलाई डुबाइराखोस्। २० ए मेरो छोरो, तिमी किन अर्की महिलालाई प्रेम गर्छौ? किन अर्काकी श्रीमतीको मोहनीमा

**भुल्छौ? २१ तिम्रा सबै काम परमप्रभुले देख्नुहुन्छ। तिमी जहाँ जान्छौ, उहाँले तिमीलाई हेरिरहनुहुन्छ। २२ दुष्ट मानिसका पाप एउटा पासो हो, त्यो आफ्नै पापको जालमा फस्छ। २३ आत्म-संयम नभएकाले त्यो नाश हुन्छ, आफ्नो अघोर मूर्खतामा त्यो मरेर जान्छ।"**

माथि उल्लेखित पदहरूले खतराको सुरुवात कहाँबाट हुन्छ रे? त्यो खतरा हामी आफैबाट सुरू हुन्छ। आफैबाट सुरु भएको खतरामा कोही पर्छ भने त्यसको सर्बप्रथम दोष आफैमा हुन्छ। अझ खतरा पोस्ने ठाउँ त हामीहरूकै बोली हो रे! त्यसकारण हामीहरूले हामीहरूको जिब्रोलाई अत्यन्त निगरानीमा राख्नुपर्छ। हामीहरूको बोलीले गलत र मिश्रित वा भ्रमात्मक समाचारहरू नदियोस् भन्ने चाहना गर्नुपर्छ। हामीहरूको असल ज्ञानसँग हामीहरूका ओठहरूलाई बुन्नुपर्छ। हामीहरूको बोली वचनले हामीहरूका सोच बिचारहरूमा आत्मज्ञानहरूले प्रभाव पारेको छ भनेर देखाउनुपर्दछ।

दोस्रो खतराचाहीँ ती स्त्री वा पुरुषबाट आउँछ जो हामी र हामीहरूको परिवारको बीचमा "सर्बोपरी" भएर भूमिका निभाउँछ। नौलो वा पराया स्त्रीबाट आउने खतरालाई माथिका पदहरूले खुलाउँछन्। तर कुनै पनि गलत कार्य गर्ने र गराउने काम स्त्रीबाट मात्र होइन पुरूषबाट पनि आउँछ भन्ने कुरालाई हामीले पन्छाउनुहुँदैन। दाम्पत्य जीवनलाई तहस नहस गर्ने काम पुरूष वा स्त्री दुवैबाट आउन सक्छ। एक जनालाई मात्र दोष दिनु न्यायोचित छैन। अलिकती आँखाको मोहको पापको फन्दामा पर्दा बैबाहिक जिवन ध्वस्त भएको हामी सबैले देखेका छौं।

मानिसको जीवनलाई अर्थहीन तथा भष्म बनाउनबाट जोगिन फुरुङ्ग पार्ने वा चिप्लो घस्ने बोलीहरूलाई नसुन्ने बानी बसाल्नु नै अति उत्तम नीति हो भनेर माथिका पदहरूले जनाउँछन्। त्यसको अर्थ परमेश्वर र बाइबलका वचनहरूलाई सर्वोपरि गरेर चल्दा हामी सुरक्षित हुन्छ भन्न खोजेको पनि हो। अन्तरविवेकमा बोल्ने परमेश्वरको आवाज र त्यसलाई अनुमोदन गर्ने बाइबलको सरसल्लाहलाई हामीले ध्यान दिनु हाम्रै हित खोज्नु हो। यस नीतिमा चल्दा जुन कुरा महत्त्वपूर्ण छ, जुन

कुरा असल छ त्यसमा बफादार हुन असल मौका पाइरहन सक्छौं। त्यसले गर्दा परस्त्री वा परपुरूष गमनमात्र होइन जुनसुकै परिक्षा, प्रलोभन वा फसाउने कामबाट हामी सुरक्षित हुनसक्छौं।

आँखाको लोभलाई पोसाएर व्यभिचारबाट हामी अलग भएर बस्नुपर्छ नै। त्यसको अर्थ हामीले हामीलाई त्यस बातावरणमा पार्नु हुन्न वा जानु हुन्न जहाँ मनलाई बहलाएर बिगार्न सक्छ। हामीलाई बिगार्ने स्त्री (वा पुरूष)को घरदैलोमा जानु पनि हुँदैन भनेर हितोपदेश ५:८ले बताउँछ।

अरू पुरुष वा महिलाको प्रेम वा भुलमा नपर्ने अत्यन्त उत्तम उपाय त आफ्नो जवानीमा बिवाह गरेको जोडीसँग मायाप्रिती गाँसेर बस्नु हो (हितोपदेश ५:१८)। यस कुरामा उपदेशकको लेखकले पनि यसरी समर्थन गर्दै सल्लाह दिन्छः "तिमीले प्रेम गरेको आफ्नी श्रीमती (वा आफ्नो श्रीमान)सँग रमाइलो गर्दै जीवन निर्वाह गर। सूर्यको मूनि नाश हुने वा अर्थहीन जीवन परमेश्वरले तिमीहरूलाई दिएतापनि आफ्नो दाम्पत्य जीवन रमाइलोसँग बिताउनु।" (उपदेशक ९:९ रूपान्तरित)। आफूसँग जे छ त्योसँग कृतज्ञ भएर बस्नु जसले गर्दा मन बहालाउन वा खुशी पार्न तपाईं अन्त नजाओस्।

**तपाईंको मनमा के के खेलिरहेका होलान्? तपाईंलाई अभिलाषाहरूले चुलबुलाइरहनुभएको होला। १ कोरन्थी १०:१३मा त्यसको समाधान गर्न के प्रतिज्ञा दिइएको छ हेर्नुहोस्ः "मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ। यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।"**

## ३. तपाईंको मित्रतालाई सुरक्षित राख्नुहोस् (हितोपदेश ६:१-५)

"प्रभु मेरा मित्रहरूबाट मलाई जोगाउनुहोस्। मेरो नाश भएको हेर्न चाहने शत्रुहरूसँग सामना आफै गर्छु।" भन्ने भनाई शायद सबैले नै सुनेका छन्। विश्वासीसाथीभाइ, हाम्रो हित चाहने मित्र तथा

हामीहरूको भित्री हृदयको साथीसँगको सम्बन्ध प्रायजसो फिटिक्क जान सक्छ भनेर हितोपदेशको पुस्तकले उदाङ्ग पार्दछ। यदि हामीले हामीहरूको मित्रहरूसँग मित्रता कायमै राख्न चाहन्छौं भने कसरी कायम राख्ने भनेर हितोपदेशको पुस्तकले सल्लाह दिँदछ। आवश्यक परेको बेलामा तिनीहरूबाट कसरी सुरक्षित हुने भनेर पनि यसले देखाउँदछ। हिब्रू भाषामा "छिमेकी" भन्दा "साथी" भन्ने अर्थ पनि लाग्छ। छिमेकी भन्नाले कोही व्यक्ति जो हामीहरूको नजिक रहेको व्यक्ति हुनसक्छ वा साथी वा साथी बन्न खोज्ने भनेर जनाउँछ। धर्मको नाउँमा अलग भएर बस्न वा सबैबाट टाढा रहेर अरू नराम्रो आफूमात्र राम्रो भन्ने भावनालाई बाइबलले अनुमोदन गर्दैन तर मानिस मानिसको बीचको सम्बन्ध कायम राख्नुपर्छ, एक आपसमा संवेदशील भएर चल्नुपर्छ र एक आपसमा आदरभाव राख्नुपर्छ भनेर बाइबलको ज्ञानबुद्धिले सिकाउँदछ।

**राजा सोलोमनले हामीले झेल्ने एउटा समस्यालाई सतहमा ल्याउँदछ। त्यो के हो र त्यसबाट हामीले के आत्मिक ज्ञान हासिल गर्नुपर्छ? हेर्नुहोस् हितोपदेश ६:१-५ "हे मेरो छोरो, यदि तिमी आफ्नो छिमेकीको जमानी बसेका छौ वा कसैसँग करार बाँधेका छौ भने, २ यदि आफ्नो प्रतिज्ञाको वचनमा तिमी फस्यौ, र आफ्नै मुखको वचनले पासोमा तिमी पासोमा पऱ्यौभने, ३ तब, हे मेरो छोरो, आफूलाई जोगाउन मैले भनेजस्तो गर किनकि तिमी आफ्नो छिमेकीको पन्जामा परेको छौः आफूलाई नम्र तुल्याएर झट्टै जाऊ, र छिमेकीसँग खुरन्धार बिन्ती गर! ४ आँखामा निद्रा पर्न नदे, र पलक बन्द हुन नदे। ५ शिकारीको हातबाट हरिण उम्केझैं, बाजको पासोबाट चरा फुत्केझैं तिमीले आफूलाई मुक्त गर्।"**

**टोराह अर्थात् सारा** सारा यहूदीहरूले आदर गर्ने मोशाका प्रथम् पुस्तकहरूमा गरिबहरूलाई सहायता गर र ब्याज नलिइ सापट देऊ भनेर मानिसहरूलाई प्रोत्साहन गरेको पाइन्छ (उदाहरणमा प्रस्थान् २२:२५)। तर आफ्नो विवेक प्रयोग गर्न छुट दिएको सन्दर्भमा ठूलो ऋणमा परेको आफ्नो साथीलाई धेरै पैसा नदेऊ भनेर पनि बाइबलको

ज्ञानले चेतावनी दिँछ। परोपकारी हृदय वा दान दिने मन भयो भन्दैमा न्यायको कर्तब्य वा जे उचित छ सो गर्ने क्रियाकलापलाई पाखा लगाउनु मनासिब छैन (प्रस्थान् २३:२,३)। हो, हामीहरूको क्षमताले भ्यायसम्म हामी उदार हुनुपर्छ। अरूको भलाइ गर्ने भन्दैमा उदारचित्तले दिँदा त्यसबाट भयङ्कर परिणाम ननिस्कियोस् भन्ने कुरामा हामी सजग हुनुपर्छ। त्यसकारण कसैलाई केही दिँदा हामीले बुद्धि प्रयोग गर्नुपर्छ। यस सन्दर्भमा हितोपदेश २२:२६,२७मा यसरी लेखिएको छः "बन्धकमा आफ्नो हात नहाल्, अथवा अर्काको ऋणको जमानी नबस्। २७ यदि तिमीसँग तिर्ने उपाय छैन भने, तिमी सुतेको खाटसमेत तिमीबाट खोसिनेछ।"

उपरोक्त पदले हामीलाई बुद्धिमानी अर्ती दिँदछ। आफ्नो वचनमा होशियार हुनुपर्ने पहिलो चेतावनी हो। यदि कुनै साथीलाई सहायता गर्नु छ भने उसको परिस्थितिलाई राम्रोसँग जान्नुपर्छ र हामीले सहायता गर्न हामीमा क्षमता छ कि छैन सो पनि थाहा पाउनु आवश्यक छ। सापति आश्वासनलाई बाइबलले अनुमोदन गर्दैन। आफूले गर्न सक्यो भनेमात्र वचन दिनुपर्छ। साथीलाई माया लाग्यो भन्दैमा र जोशको प्रभावमा परेर साथीलाई खुशी पार्न झट्टै केही बोलौंला तर आफूले दिएको वचन पूरा गर्न सकेनौं भने पछि हामी दुःखित हुनेछौं।

असलै नियत भएतापनि केही कुरामा हामी अघिसर्नु भन्दा अगाडि वा बाचा दिनुभन्दा पहिला सोच्नु जरुरी छ। आफूले पूरा गर्न नसकेको वचन कसैलाई पनि दिनुहुँदैन। यदि हामी ऋणमा पर्‍यौं भने त्यसबाट छुटकारा पाउन भरमग्दुर कोशिश गर्नुपर्छ भन्ने उक्त कुराको निश्कर्ष हो। यदि परिवन्धले गर्दा त्यस अवस्थामा हामी परियो भने हामी नम्र भएर हामीहरूको भूललाई स्वीकार गर्नुपर्छ र अनुग्रह तथा दयाको भीष माग्नु पर्छ। (नत्र भने साथीसाथी बीच कहिल्यै नपूर्ण खाल्डो बन्न सक्छ।

**हितोपदेशमा दिइएको अर्तीलाई ध्यान दिँदै एक आपसको भारीलाई सम्हाल्न (गलाती ६:२) चाहने कुरालाई संतुलनमा राख्न कसरी सिक्ने?**

## ४. आफ्नो कामको सुरक्षा गर (हितोपदेश ६:६-७)

**कोही मानिस सबै बुद्धि र ज्ञानमा सम्पन्न छ भनेर दावी गर्न सक्दैन। हामी मानिस जातिले जाबो कमिलाहरू भन्नेबाट पनि कस्तो ज्ञान र अकल सिक्नुपर्छ भनेर प्राचिन समयका सबैभन्दा बुद्धिमानी र ज्ञान भनिने राजा सोलोमनले के सल्लाह दिन्छन् ?हेर्नुहोस, हितोपदेश ६:६-८ "ए अल्छि, कमिलाकहाँ गएर त्यसको चाल-ढङ्ग हेर् र बुद्धिमानी बन्! ७ त्यसको अगुवा हुँदैन, हाकिम वा शासक हुँदैन, ८ तापनि ग्रीष्म ऋतुमा त्यसले अन्नको भण्डार तयार गर्छ र कटनीको समयमा आफ्नो खानेकुरो सञ्चय गर्छ।"**

मानिसहरूले भन्दा कमिलाहरूले अत्यन्त ठूलो परिश्रम गर्छन्। तिनीहरूले आफ्नो साइज र वजन भन्दा ठूलो भारी बोक्छन् जुन् तिनीहरूको दाँजोमा मानिसहरूले बोक्न सक्दैनन्। फेरि अर्को अत्यन्त गुणिलो स्वभाव कमिलाहरूमा के छ भने तिनीहरू काम गर्दा तिनीहरूलाई अगुवा वा तिनीहरूको काम राम्रोसँग गरेको छ कि छैन भनेर रेखदेख गर्ने अधिकारीहरूको आवश्यक छैन। तिनीहरू स्वविवेक प्रयोग गरेर स्वतन्त्र रूपमा काम गर्छन् र आफ्नो जिम्मेवारी कर्तब्यपूर्वक पालन गर्छन्। कमिलाहरू सबै मिलेर एक भएर काम गर्नुको लक्ष्य एउटा छ, त्यो हो तिनीहरूको भविष्यको निम्ति सञ्चय गर्ने। दुःख, कष्ट र अभाव तिनीहरूले भोग्नुपर्छ भनेर तिनीहरूलाई थाहा छ। जाडो मौसम तिनीहरूको निम्ति अत्यन्त खराब मौसम हो। तर तिनीहरू त्यसको सक्षमपूर्वक सामना गर्न आफूहरूलाई तयार पार्छन्। त्यसकारण कमिलाहरूले हामीलाई भविष्यको कुरालाई सोच र त्यसको निम्ति योजना बनाऊ भनेर सिकाउँदछन्। "प्रत्येक आमाबाबु, प्रत्येक शिक्षक, प्रत्येक विद्यार्थी, प्रत्येक मानिस चाहे युवा होस् वा वृद्धा होस्- सबैले भविष्यको निम्ति सोचेर योजना बनाउनु पर्छ। चाहे तत्कालिन जीवनको लागि होस्, चाहे यस संसारमा बाँचुञ्जेल हामी होऊँ वा भविष्यको अनन्त समयसम्मको निम्ति किन नहोस्, योजनाबिना चल्नु असल छैन।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. १४५बाट रूपान्तरित।

**अल्छि, जाँगर नभएको र निष्क्रिय मानिसबाट के सिक्नुपर्छ? हेर्नुहोस्, हितोपदेश ६:९-११ "ए अल्छे, तिमी कहिलेसम्म सुतिरहन्छौ? तिमी कहिले आफ्नो निद्राबाट जाग्छौ? १० क्षणिक सुताइ र क्षणिक उँघाइले, हात बाँधेर केही बेरको आराम गराइले ११ दरिद्रता तिमीमाथि डाँकूझैं र अभावचाहिँ हतियार भिरेको मानिसझैं आइलाग्नेछ।"**

अल्छि मानिस, केही काम छैन भनेर हात बाँधेर बस्ने वा अरूको मात्र मुख ताकेर बस्ने मानिसले कमिलाबाट सिक्नुपर्छ। तिनीहरूबाट बुद्धि सिक्नुपर्छ। कमिलाहरू जहिले पनि काममा व्यस्त हुन्छन्। तर अल्छि मानिसहरू सुतेर बस्छन्। अन्नबालीहरू भित्राउने बेलामा कमिलाहरू अत्यन्त व्यस्त भएको पाइन्छ। तर अल्छि र केही काम गर्न नचाहने जाँगर नभएको मानिस केवल हात बाँधेरमात्र बस्छ। त्यो मानिस कस्तो छ भनेर उसको अल्छिपनाले देखाउँछ। त्यसतो मानिस भन्दा कमिलाको स्तर कति माथि कति माथि। आफ्नो जिउ भन्दा भारी बोकेर तिनीहरू भविष्यको निम्ति तयार गर्छन्। तर अल्छि वा केही काम गर्न नचाहनेहरू केवल अहिलेको निम्तिमात्र सोच्छन् र आफ्नो लागि मात्र सोच्छन्। (कमिलाहरू एकजुट भएर काम गर्नुको अर्थ तिनीहरू एक आपसको निम्ति सोच्ने कतिको खुबी रहेछ भनेर देखाउँदछ)।

**निसन्देह, कडा परिश्रम अत्यन्त जरुरी छ। मानव जीवनको उद्देष्य काम गरेर पैसा कमाउनुमात्र होइन। हप्ताको छ दिन परिश्रम गर्नुपर्छ भनेर सिकाउने शब्बाथको दीक्षाले काम र परमेश्वरमाथिको भरोसालाई कसरी संतुलन गर्छ?**

## ५. आफूले आफूलाई सुरक्षित गर (हितोपदेश ६:१४,१८)

तिन ठाउँहरूबाट हाम्रो जीवनलाई नराम्रोसँग धक्का दिन सक्छ भनेर हामीले हेऱ्यौं। ती थिएः हामीहरूको परिवार, हामीहरूका साथीहरू र हामीहरूको कामबाट। हितोपदेशको पुस्तकले दुष्टको चित्रण अत्यन्त चित्तबुझ्दो तरिकाले दिएको पाउँछौं। दुष्टलाई आइपर्ने दुःखकष्टहरू हितोपदेशले हँस्यौली तरिकाले दिन्छ। त्यो पढ्दा दुष्टहरू कस्ता हुनेरहेछन् भनेर हामीले स्पष्टरूपमा बुझ्न सक्छौं। हितोपदेश ६:१२-१५ र १६-१९मा दुष्टहरूको बारेमा दुई कविताहरूले व्याख्या

गरेका छन्। तिनीहरूको छन्द वा लय एउटै छ। तिनीहरूमा सातवटा विषयबस्तुहरू समावेश भएका छन्। दुष्ट मानिसको हृदयमा के हुन्छ भनेर उदाङ्ग पारेको छ। फेरि त्यसैवखत बाहिर उसले के गर्छ भनेर स्पष्ट रूपमा देखाएको छ।

**दुष्टको बारेमा के उल्लेखनीय स्वभाव हितोपदेश ६:१४ र १८मा दिएको छ, ? हेर्नुहोस्: "सबै समय आफ्ना दुष्ट मनमा जालका कुरा रचिरहेका हुन्छन् र झगडा निकाल्छन्।.... दुष्ट जाल रच्ने मन।" त्यही सन्दर्भमा मत्ती १५:१९मा येशूले कसरी झन सजिलो गरि बुझ्न सक्ने गरेर भन्नुभएको थियो, हेर्नुहोस् "किनभने मानिसको मनभित्रबाटै दुष्ट विचारहरू निस्कन्छन्। यिनै दुष्ट विचारहरूले गर्दा उसले मान्छे मार्नु, व्यभिचार गर्नु, चोर्नु, झूटो साक्षी दिनु, निन्दा गर्नुजस्ता खराब कामहरू गर्छ।"**

"यदि तपाईंको दिमागमा ब्यर्थ तथा मूर्ख कुराहरूलाई खेलाउन दिनुभयो र अशुद्ध सोचबिचारहरूलाई उमार्न दिनुभयो भने त्यही सोच अनुसार तपाईं काम गरिरहेको छ भनेर परमेश्वरको सामु दोषी ठहरिएर उभिरहनुहुनेछ।"-एलेन जी ह्वाइट, द आदभेन्टिस्ट होम, पृ. ३३४बाट रूपान्तरित।

**हितोपदेश ६:१२-१९मा दुष्टको स्वभाव कस्तो हुन्छ भनेर हामीलाई छर्लङ्ग पारेको छ। हेर्नुहोस् "१२ बेकामका र दुष्ट मानिसहरू झूटो कुरा गर्दै घुमिहिँड्छन्। १३ तिनीहरूले आँखा झिम्क्याउँछन् र छल्ने इशारा गर्छन् १४ र सबै समय आफ्ना दुष्ट मनमा जालका कुरा रचिरहेका हुन्छन् र झगडा निकाल्छन्। १५ त्यसले गर्दा चालै नपाई विपत्ति तिनीहरूमाथि आइलाग्नेछ र तिनीहरू घाइते भई मर्नेछन्।
१६-१९ सात वटा कुरालाई परमप्रभुले घृणा गर्नुहुन्छ र सहन सक्नुहुन्नः अहङ्कारी आँखा,**

**झूटो बोल्ने जिब्रो,**
**निर्दोषको हत्या गर्ने हात,**
**दुष्ट जाल रच्ने मन,**
**दुष्ट काम गर्न हतार गर्ने खुट्टा,**

झूटै-झूट बोल्ने गवाह
र मित्रहरूका बीचमा झगडा लाउने मानिस।"

त्यहाँ चित्रण गरेका शब्दचित्रहरू अनौठा छन्। दुष्ट काम गरेर हिंड्ने मानिस अल्छि तथा बेकामको मानिसको स्वभावसँग मिल्छ। दुवै थरिका मानिसहरूबाट एउटै कुरा हामी सिक्नसक्छौं। काम नगर्ने वा गर्न नचाहने मनस्थिति बोकेको मानिस र दुष्ट कुरा मनमा खेलाउने मानिसले आफ्नो स्वभाव भित्रै गुम्सिरहेको हुन्छ। दुवै दुष्ट र काम गर्न नचाहने अल्छि मानिसले आफूभन्दा बाहिरबाट आएको अर्तीप्रति चासो देखाउँदैन। तिनीहरू आफ्नै बुद्धि र चाहनाको पछि लाग्दछन्। बेकामका अर्थात् काम नलाग्ने मानिसहरू सुतीरहन मनपराउँछ। तिनीहरूका कान र खुट्टाहरू चलाउँदैन। तर दुष्टहरूको खुट्टा र मुख चलिरहेको हुन्छ तर कानचाहिँ थप्प हुन्छ अर्थात् अरूको कुरा सुन्न चाहन्दैन। तर दुईको परिणाम एउटै हुन्छ। तिनीहरू आफूले आफूलाई नै भत्काइ अर्थात् स्वाहा पारिरहेका हुन्छन्।

तर दुष्ट अर्थात् खराब मानिसले दुई कुराहरूलाई असर पारिरहेको हुन्छ। दुष्ट नियत बोकेको मानिस र त्यस्तो नियत लिएको मानिससँग काँधमा काँध मिलाएर बस्ने दुबैलाई नराम्रो असर पार्दछ। फताहा कुरा गर्न मनपराउने मानिसले अन्तमा आफ्नै फताहा कुरालाई विश्वास गर्न थाल्दछ। दुष्ट काम गर्न रुचाउने मानिसहरू जहिले पनि एकआपसमा कचकच गरिरहेका हुन्छन् र एक आपसमा लडिरहेका हुन्छन्। त्यसले अरू मानिसहरूलाई पनि असर पारिरहेको हुन्छ। यथार्थमा भन्ने हो भने पापसँग खेलबाड गर्ने मानिसले उसलाई मात्र होइन अरूलाई पनि असर पारिरहेको हुन्छ। पापी मानिसले गरिरहने पाप अर्थात् आफ्नो शरीर वा चरित्रलाई बिगार्न चाहने मानिसको परिणाम उसमा मात्र सिमित हुँदैन तर अरूलाई पनि पर्दछ, अझ कतिपय समयमा उसलाई भन्दा बेसि अरूलाई असर पारिरहेको हुन्छ। (जसरी चुरोट खाने मानिस आफ्नो स्वास्थसँग मात्र होइन सम्पूर्ण परिवारको स्वास्थ, आर्थिक र पारस्परिक सम्बन्धसँग खेलबाड गरिरहेको हुन्छ)।

**अरूहरूको पापले गर्दा तपाईंलाई कस्तो प्रभाव पारेको अनुभव गर्नुभएको छ? त्यसबाट तपाईंले के ठूलो पाठ तपाईंले सिक्नुपर्दछ जसले गर्दा तपाईंको कामले अरूलाई हानी नपुऱ्याओस्?**

**उपसंहार:** "बाइबल अध्ययन गर्ने व्यक्तिले जहिले पनि शिक्न चाहने मनस्थिति बनाएर सिक्नुपर्छ। हामीहरूका धारणाहरूलाई अनुमोदन गर्न बाइबलका पानाहरू पल्टाउने होइन। तर परमेश्वरले के भन्नुहुन्छ सो थाहा पाउन हामी बाइबल अध्ययन गर्नुपर्छ।...

"मानसिक कमजोर र चरित्रमा खोट आउनुको प्रमूख कारण नै मेहनत अर्थात् होशियारपूर्वक बाइबल पढ्न असमर्थ भएकोले हो। किताबहरूको बाढी र सूचना प्रवाहको ओइरोले युवायुवती र बृद्धबृद्धाहरूमा छिटो छिटो पढ्ने र सरसर्तीमात्र हेर्ने बानी बसाल्न गइरहेको हुन्छ। तगडा सोच्ने बानी र गहिरो बिचारमा मग्न हुन चाहने दिमागलाई उपरोक्त प्रक्रियाले कमजोर बनाइरहेको हुन्छ।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. १८९बाट रूपान्तरित।

"आफ्नो लागि घर बनाउने कमिलाहरूले तिनीहरूको दक्षता र धैर्यताको प्रदर्शन गरिरहेको हुन्छ। तिनीहरूले केवल एउटा अन्नमात्र एक फेर बोकेर लगिरहेको हुन्छ। तर तिनीहरूको कडा परिश्रमले तिनीहरूले अद्भूत काम सफलतापूर्वक गरेर देखाइरहेका हुन्छन्। कडा परिश्रम गर्ने कमिलालाई हेर भनेर अर्ती दिने सोलोमनले ती मानिसहरूलाई हप्काउँछन् जो आफ्नो अल्छिपनाले समय बरबाद गरिरहेको हुन्छ र आफ्ना प्राण अर्थात् आत्मा र शरीरलाई बिनाशको बाटोतिर स्वइच्छाले लम्काइरहेको हुन्छ। भविष्यको मौसमको निम्ति कमिलाहरू तयारी हुन्छन्। तर धेरै प्रतिभाशाली र चलाख मानिसहरूले स्वर्गको जीवनको भविष्यलाई तयार पार्न असफल भइरहेको पाइन्छ।"-एलेन जी ह्वाइट, काउन्सिल टु पारेन्टस्, एन्ड स्टुडेन्टस्, पृ. १९०बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. हामीहरूले त्याग गर्नुपरेतापनि अरूहरूलाई कसरी मद्दत गर्ने भन्ने कुरालाई गहिरिएर सोच्नुहोस्। अरूहरूलाई कसरी सहायता गर्ने भनेर यस अध्यायमा जे सिक्यौं त्यसलाई मनमा राखेर येशूका यी वचनलाई कसरी आत्मसात् गर्ने? "आफ्ना मित्रहरूलाई आफ्नो ज्यान दिनेभन्दा प्रेम अरू कुनै प्रेम महान् हुँदैन।" (यूहन्ना १५:१३ रूपान्तरित)।

आ. प्रकृतिबाट अरू पाठहरू हामीले के सिक्नसक्छौं जसलाई हामीहरूको जीवनमा प्रयोग गर्न सक्छौं? हो , संसार पतित छ, तर हाम्रो अगाडिको संसारबाट जे कुराहरू सिक्छौं त्यसलाई होशियारपूर्वक किन सिक्नुपर्छ?

इ. हितोपदेशमा उल्लेखित सात दुष्ट चालहरू फेरि पढ्नुहोस्। ती परमेश्वरको निम्ति किन खराब देखिन्छ?